# मिति २०७५।३।२७ मा बसेको प्रदेश मन्त्रिपरिषदको बठकको निर्णय

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नं ०१/१३/२०७५-०३-२६ को प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसंचालन) आदेश, २०७४ मा प्रथम संशोधन गर्ने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तुत प्रस्तावमा देहाय बमोजिम हेरफेर गर्ने :

मुल आदेशको दफा ४ को खण्ड (ख) मा भएको "पैतीस वर्ष उमेर पुगेको र पचपन्न वर्ष ननाघेको" भन्ने वाक्यांशको सट्टा "पैतीस वर्ष उमेर पुगेको र पैसठ्ठी वर्ष ननाघेको" भन्ने वाक्यांश राख्ने"।-

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नं ०१/१४/२०७५-०३-२६ को ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थापन गर्ने कार्यविधि, २०७५ विस्तृत छलफलका लागि आर्थिक, सामाजिक तथा पूर्वाधार विकास समितिमा पठाइएकोमा उक्त समितिको प्रतिवेदन सहित स्वीकृतको लागि पेश भएको प्रस्ताव सम्बन्धमा - "आर्थिक, सामाजिक तथा पूर्वाधार विकास समितिको प्रतिवेदन स्वीकृत गरी उक्त कार्यविधिमा देहाय बमोजिम थप तथा परिमार्जन गर्ने:-

१) प्रस्तावनामा उल्लेखित "प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा १० ले दिएको अधिकार प्रयोग गरी" भन्ने वाक्यांशको सट्टा "कर तथा गैह्रकर राजश्व सम्बन्धी ऐन, २०७५ को दफा १५ को उपदफा ५ ले दिएको अधिकार प्रयोग गरी" भन्ने वाक्यांश राख्ने ।-

२) दफा २ को परिभाषा शीर्षकको खण्ड (ख) उल्लेखित "प्राविधिक समिति भन्नाले दफा १२ बमोजिमको समिति सम्झनु पर्दछ" भन्ने वाक्यांश हटाउने ।-

३) दफा ३ को उपदफा (४) मा भएको "साविकमा स्थानीय निकायबाट अनुमति लिई वा स्थानीय निकायले आफै ठेक्का बन्दोवस्त गरी संचालनमा रहेका उद्योगहरुले स्थानीय निकायको पुनर्संरचना भै कायम भएको स्थानीय तहको सहमति लिनुपर्नेछ" भन्ने वाक्यांशको सट्टा "साविकमा स्थानीय निकायबाट अनुमति लिई वा स्थानीय निकायले आफै ठेक्का बन्दोबस्त गरी संचालनमा रहेका उद्योग व्यवसायहरुले २०७५ साल श्रावण १ गतेदेखि स्थानीय निकायको पुनर्संरचना भै कायम भएको स्थानीय तहको सहमति लिनुपर्नेछ" भन्ने वाक्यांश राख्ने ।-

४) दफा ६ को उपदफा (३) र उपदफा (४) हटाई त्यस पछिको उपदफा क्रम मिलाउने ।-

५) उपदफा (६), उपदफा (७), उपदफा (८) र उपदफा (९) लाई क्रमशः उपदफा (३), उपदफा (४), उपदफा (५), उपदफा (६) र उपदफा (७) कायम गरी क्रम मिलाउने र दफा ९ मा उल्लेखित "प्राविधिक समिति" को सट्टा "प्रादेशिक अनुगमन समिति" उल्लेख गर्ने ।-

६) दफा ७ को उपदफा (३) मा भएको "स्थानीय तहले वर्षको कम्तिमा तीन पटक प्राविधिक समिति समेतको रोहवरमा घाटगद्दी स्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ" भन्ने वाक्यांशको सट्टा "स्थानीय तहले वर्षको प्रत्येक तीन महिनामा एक पटक प्रादेशिक अनुगमन समिति समेतको रोहवरमा घाटगद्दी स्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ" भन्ने वाक्यांश राख्ने ।-

७) दफा ११(४) मा "हाल संचालनमा रहेका यस कार्यविधि अनुरुप कार्यविधि पुरा नगरेका उद्योग व्यवसायले तीन महिनाभित्र यस मापदण्ड अनुसार स्थानान्तरण वा व्यवस्थापन गरी संचालन गर्नुपर्नेछ" भन्ने वाक्यांश हटाई देहाय बमोजिम गर्ने:-

"क) यस कार्यविधि अनुरुपको मापदण्ड पुरा नगरी कुनै पनि उद्योग व्यवसाय संचालन गर्न पाइने छैन ।

ख) हाल संचालनमा रहेका उद्योग व्यवसायले २०७५ साल आश्विन मसान्त सम्ममा यस मापदण्ड अनुसार उद्योग

व्यवसायको स्थानान्तरण, रुपान्तरण वा व्यवस्थापन गरिसक्नु पर्नेछ" भन्ने वाक्यांश राख्ने" ।-

८) दफा ११ मा अनुसूची ४ थप्ने ।-

९) दफा १२ को "प्राविधिक समितिको गठन" सम्बन्धी व्यवस्था पुरै हटाउने र त्यस पछिका दफा क्रम मिलाउने।-

१०) दफा १३ उपदफा (२) को खण्ड (घ), (ङ) र (च) हटाउने ।-

११) दफा १३ को उपदफा (३) मा देहायको खण्ड च थप गर्ने "

च)आवश्यकता अनुसार समितिले विज्ञ वा अन्य आवश्यक देखिएका व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ" ।-

१२) दफा १४ को उपदफा (४) र सो मा भएको खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) हटाउने ।-

१३) दफा १५ को उपदफा (४) मा "उल्लेखित निषेधित कार्य गरेको पाइएमा त्यस्ता उद्योग व्यवसायहरुलाई विद्युत, खानेपानी, सञ्चार सुविधा विच्छेद गर्न आदेश दिइनेछ । यस्तो आदेश पालना गर्नु सम्बन्धित निकायको दायित्व हुनेछ" भन्ने वाक्यांश राख्ने ।-

१४) दफा ११ सँग सम्बन्धित देहाय बमोजिमको अनुसूची ४ थप्ने ।-

<u>अनुसूची-४</u>

| क्र.सं | विवरण | तराई भित्री मधेशमा | पहाडी क्षेत्रमा |
|---|---|---|---|
| क. | नदी, खोलाको वर्षातको प्रवाह सीमा किनारबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| ख. | तालतलैया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाटक्षेत्रको किनारबाट | १५०० मि. बाहिर | १५०० मि. बाहिर |
| ग. | हाईटेन्सन लाईनबाट | ५०० मि. | ५०० मि. |
| घ. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | २ कि.मि. बाहिर | २ कि.मि. बाहिर |
| ङ. | निकुञ्ज, आरक्ष क्षेत्रको सीमाबाट | २ कि.मि. बाहिर | १ कि.मि. बाहिर |
| च. | घनाबस्तिबाट | २ कि.मि. बाहिर | १ कि.मि. बाहिर |
| छ. | बन क्षेत्र सीमाबाट | २ कि.मि. बाहिर | १ कि.मि. बाहिर |
| ज. | पक्की एवं झोलुंगे पुलबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| झ. | राजमार्गबाट | ५०० मि. बाहिर | ५०० मि. बाहिर |
| ञ. | अन्तर्राष्ट्रिय सीमाबाट | कम्तिमा १ कि.मि. बाहिर | कम्तिमा १ कि.मि. बाहिर |

३. आन्तरिक मामिला तथा कानून मन्त्रालय को नं ०२/०५/२०७५-०३-२६ को केही प्रदेश कानून संशोधन गर्ने विधेयकको मस्यौदा तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिने सम्बन्धी विषयको प्रस्ताव - " प्रस्तावमा लेखिए बमोजिम गर्ने " ।

४. सामाजिक विकास मन्त्रालयको नं ०७/०६/२०७५-०३-२६ को युवा क्रिकेट खेलाडी श्री करण के.सी. लाई प्रदेश सरकारका तर्फबाट सम्मान गर्ने सम्बन्धी विषयको प्रस्ताव - " प्रस्तावमा लेखिए बमोजिम गर्ने" ।

५. हालै प्राकृतिक विपदमा परी वागलुङ, तनहुँ र गोरखामा दिबंगत हुनु भएका एवं मुस्ताङको स्याङवोचेमा टिप्पर दुर्घटनामा परी दिवंगत हुनुभएका नागरिकहरु प्रति हार्दिक समवेदना व्यक्त गर्ने र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।-